नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

# जाजरकोट शाखा

## नेपाल बैंक लिमिटेड जाजरकोट शाखाको भाडाको भवनमा काउण्टर पार्टिसन लगायतका सिभिल र इलेक्ट्रिकल कार्यको लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०३/०२)**

नेपाल बैंक लिमिटेड जाजरकोट शाखाको भाडाको भवनमा काउन्टर, आल्मुनियम पार्टिशन, आल्मुनियमका ढोकाहरु, हेल्पडेस्क, अफिस टेबल,आइरन केज,च्यानल गेट, एटिएम कोठानिर्माण तथा CCTV सहित एअर कन्डीसन जडान गर्ने,लगायतका सिभिल र इलेक्ट्रिकल तथा नेटवकिङ्ग कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र खरिद गरी ३१ औं दिनको ११:०० वजे भित्र पेस गर्न सिलवन्दी बोलपत्र आव्हान गरिएको छ। यस बैंकको काठमाण्डौं बैंकिङ्ग अफिसमा प्र.का. १ हिसावमा वा जाजरकोट शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा जाजरकोट शाखा वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। प्राप्त भएका सिलवन्दी वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा जाजरकोट शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

**<u>तपसिल</u>**

१) वोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परिमाणको विवरण(BOQ)मा दर रेट खुलाइ, न्युनतम रु.८८,०००/-(अक्षरेपी अठासी हजार मात्र ।) धरौटी वापत यस बैंकको जाजरकोट शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको वोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क'वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ। बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम मितिले ९० दिनको हुनेछ।

२) वोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखादर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र र निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र, कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

३) वोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ। बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ।

४) उपरोक्त कार्य सम्झौता भएको मितिले ६५ दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण वोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ।
बोलपत्र फारम प्राप्त गर्ने स्थान :- ने.बै.लि. जाजरकोट शाखा वा प्रधान कार्यालय व्यवस्थापन सेवा विभाग।
बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति :- २०७६/०३/३१ गते मंगलबार कार्यालय समय भित्र।
वोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति :- २०७६/०४/०१ गते बुधबार बिहान ११:०० वजे भित्र।
बोलपत्र फारम दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, जाजरकोट शाखा।
बोलपत्र फारम खोल्ने मिति र स्थान :- २०७६/०४/०१ गते बुधबार दिउसो १२:३० बजे ने.बै.लि.जाजरकोट शाखा। सो मितिमा विदापर्न गएमा सो दिनको भोलि पल्ट खोलिने छ।

<u>बैंकको अनुमानित लागत</u> :-
सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम रु.३४,९३,३२३/१६ (अक्षेरुपी चौतिस लाख त्रियानब्बे हजार तीन सय तेईस र पैसा सोह्र मात्र ।)